प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## प्रि-डिप्लोमा तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा उम्मेदवारहरुलाई भर्ना सिफारिस गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको २०८१/०३/१५ गते प्रकाशित सूचना बमोजीम प्रि-डिप्लोमा तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समयभित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट मिति २०८१/०४/१२ गते दिनको १:०० बजे बागमती प्रदेश अन्तर्गतका विभिन्न परीक्षा केन्द्रहरुमा संचालित प्रि-डिप्लोमा तहको प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८१ अनुसार प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमहरुको मिति २०८१/०४/२७ गते नतिजा प्रकाशन गरिएकोमा प्रि-डिप्लोमा तहका कार्यक्रम संचालन गर्दै आइरहेका संस्थाहरुमा आवेदक संख्या न्यून भएको हुँदा अध्ययन सिफारिस नगरिएकोमा हाल केहि संस्थाका कार्यक्रममा चालु शैक्षिक सत्र २०८१/०८२ मा कार्यक्रम संचालन हुने व्यहोराको पत्र प्राप्त भएकोले परीक्षार्थीहरुलाई निजले प्राथिमिकिकरण गरेको शिक्षण संस्थामा भर्ना सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाको लागि सिफारिस भएका उम्मेदवारहरुले मिति २०८१/०६/१४ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाणपत्र र Online छात्रवृति छनौट आबेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना हुनजानका लागि सूचित गरिन्छ। सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम परीक्षार्थीहरु भर्ना गर्न/गराउन हुन र तोकिएको मिति र समयभित्र भर्ना हुन नआई रिक्त रहेको कोटामा तपसिल बमोजिमको ढाँचामा ३ (तीन) दिन भित्र यस कार्यालयको इमेल ठेगाना **bagmati.ctevt@gmail.com** मा अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ।

**निर्देशक**

**तपसिल: (भर्ना हुन नआउने विद्यार्थीको विवरण )**

| क्र.स | कार्यक्रम | बिद्यार्थीको नाम | सिम्वल नं | सिफारिस भएको कोटा | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
बागमती प्रदेश कार्यालय
हेटौंडा, मकवानपुर